

# जागिर खोज्दै

Espen Stranger-Johannessen
Sunniva Høiby-Øiset
Anup Aryal
4
नेपाली ne




अलिशालाई जागिर खोज्नु पर्ने छ किनभने उनको परिवारलाई खान-
लाउनको लागि पैसा चाहिन्छ।



अलिशाले आफ्नो देशमा काम गरिनिन्, तर उनी खाना पकाउन सिपालु छिन् र मानिसिहरूसँग कुरा गर्न मन पराउँछिन्।



सायद उनले होटेलमा खाना बनाउने काम गर्न सक्छिन् कि? अलिशाले इन्टरनेटमा जागिर खोज्छिन्।




उनले शेफ पेशाको लागि विज्ञापन फेला पार्छिन्। शेफ भनेको एउटा होटेलमा खाना पकाउने मान्छे हो।



उनी जागिरको अन्तर्वार्ता दिन जान्छिन्। होटेल प्रबन्धकले उनलाई शेफको रूपमा तालिम लिएको व्यक्ति चाहिन्छ भनेर बताउँछन्।



अलिशा निराश हुन्छिन्, तर उनी “खाना र आतिथ्य” भन्ने पाठ्यक्रम लिन्छिन्। यसले उनलाई रेस्टुरेन्टमा काम पाउन मद्दत गर्नेछ भन्ने उनी आशा राख्छिन्।



अलिशाले आफ्नो तालिमको क्रममा एउटा रेस्टुरेन्टमा काम गर्नुपर्छ। उनले तलब पाउँदिनन्, तर कामको अनुभव पाउँछिन्।



उनले आफ्नो बायोडाटामा पाठ्यक्रमको विवरण थप्छिन्। बायोडाटा भनेको उनले गरेका सबै काम र उनले लिएका सबै पाठ्यक्रमहरूको विवरण हो।



अर्को पटक अलिशा रेस्टुरेन्टमा जागिरको अन्तर्वार्ता दिन जाँदा उनलाई जागिरको प्रस्ताव आउँछ। यस कामको लागि कडा परिश्रम चाहिन्छ। उनका छोरा छोरीहरू साँझमा विद्यालयबाट घर फर्कदा उनी प्रायः काममा हुन्छिन्।



आफ्नै पैसाले परिवारका लागि खाना र लुगा किन्न सक्ने गरी जागिर पाएकोमा उनलाई गर्व छ।

# LIDA Stories

lidastories.net

## जागिर खोज्दै


Espen Stranger-Johannessen
Sunniva Høiby-Øiset
Anup Aryal


CC BY